# माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड

# MOUNT EVEREST POWER DEVELOPMENT LIMITED

रजिष्टर्ड कार्यालय : महालक्ष्मीस्थान वडा नं. १५, ललितपुर, नेपाल। फोन नं.: +९७७-१-५४२७४६९

Email: mounteverestpower@gmail.com Website: www.mounteveresthydro.com

## आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूको लागि निष्काशित साधारण शेयरको निष्काशन तथा बिक्री बन्द गरिने बारेको सूचना

माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडले आफ्नो जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) को ३० प्रतिशत अर्थात रु.२५,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका कूल २५,८०,००० कित्ता साधारण शेयर प्राथमिक सार्वजनिक निष्काशनको लागि छुट्याइएको र सो मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात ८६०,००० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थायी बासिन्दा (तालिकामा उल्लेखित) का लागि मिति २०८३ बैशाख १७ गते बिहीबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरेभन्दा बढी शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८३ बैशाख ३१ गते** (बैंकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु र सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८३ बैशाख ३१ गते** (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं।

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको शेयर संख्या | पूँजी रकम रु. |
|---|---|---|
| **अति प्रभावित क्षेत्र**, सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. वडा नं. १ र २ (४०%) | ३,४४,००० | ३,४४,००,००० |
| **प्रभावित क्षेत्र**, सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. का १ र २ बाहेक अन्य वडाहरु (६०%) | ५,१६,००० | ५,१६,००,००० |
| जम्मा | ८,६०,००० | ८,६०,००,००० |

### आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि

| | | | |
|---|---|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम कित्ता : | १० कित्ता | दरखास्त दिन पाउने अधिकतम कित्ता : | १०,००० कित्ता |

**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले**

| क्र.सं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेड, वडा नं.१५, ललितपुर र वेबसाइटः www.mounteveresthydro.com |
| २. | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइटः www.nimbacecapital.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ। |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आवेदन दिन असमर्थ आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका संकलन केन्द्रहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

| क्र.सं. | संकलन केन्द्र, ठेगाना | क्र.सं. | संकलन केन्द्र, ठेगाना |
|---|---|---|---|
| १ | माछापुच्छ्रे बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु | ४ | एनएमबि बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु |
| २ | नेपाल बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु | ५ | प्राइम कमर्शियल बैंक लिमिटेड, तिङ्ला रमिते, सोलुखुम्बु* |
| ३ | प्रभु बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु | | |

*मिति २०८३/०१/०८ गते प्रकाशित आह्वान-पत्र पश्चात् संकलन केन्द्र थप गरिएको।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ।

**प्रारम्भिक सार्वजनिक निष्काशन गर्नुपूर्व संगठित संस्थाको शेयर प्राप्त गरिसकेका संस्थापक शेयरधनीहरु तथा निजको एकाघरका सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखास्त दिन पाइने छैन।**

**संक्षिप्त वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | २०८२ पौष मसान्त | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ | आ.व.२०८४/८५ |
| संचित मुनाफा (रु.हजारमा) | (२८,५३६) | ११,५१९ | ४१,२०० | ८४,१२० | १६२,४५५ | ३३२,१२२ | ५२२,६८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९५.२६ | १०१.९१ | १०६.८४ | ११३.९७ | ११८.८९ | १३८.६२ | १६०.७८ |
| प्रति शेयर आम्दानी (रु.) | (०.०७) | ०.१३ | ५.१३ | १२.१३ | १४.५८ | १९.७३ | २२.१६ |

**आ.व २०८०/८१ को वित्तीय विवरण एनएफआरएस बमोजिम तयार गरिएकोले आ.व. २०७९/८० र २०७८/७९ को वित्तीय विवरण लेखापरीक्षण भएको सम्बन्धित आ.व सँग को विवरण भन्दा फरक पर्न गएको कारण नेपाल धितोपत्र बोड मार्फत स्वीकृत विवरण पत्रको दफा ग.९.क (पृष्ठ नं.२५) मा उल्लेख गरिएको।**

| | |
|---|---|
| **आयोजनाको नाम** : दुधकुण्ड खोला जलविद्युत आयोजना | **आयोजनाको कूल लागत** : रु. २,३६,९३,२०,०४२/- [Interest during construction (IDC)] सहित |
| **प्रति मेगावाट लागत** : आयोजनाको प्रति मेगावाट लागत रु १९,७४,४३,३३६/८३ | **विद्युत उत्पादन क्षमता** : १२ मेगावाट |
| **साधारण लगानी फिर्ता हुने अवधि** : ६.४० वर्ष | **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि** : ८.९४ वर्ष |
| **विद्युत उत्पादन अनुमतिको बाँकी अवधि** : अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०८/१८ देखि २१११/०८/१७ सम्म रहेकोले २८ वर्ष ९ महिना बाँकी रहेको छ। | |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८२/०९/०८ को प्राप्त पत्र अनुसार "CARE-NP BB+ (Is) [Double B Plus (Issuer)]" को प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेका (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

**रेटिङ्ग प्राप्त गरेको मिति : २०८२/०९/०८ (सन् २०२५, डिसेम्बर २३)** **बहाल रहने मिति : २०८३/१०/२४ (सन् २०२७, फेब्रुअरी ०७)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८३ बैशाख ०८ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.mounteveresthydro.com, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nimbacecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन्।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
**पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल**
**फोन नं.: +९७७-१-५९७१२३३, ४००५०८०, ४००५१५७**
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com